**मिति २०८०।०१।०५ गते बसेको विहादी गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

**निर्णयहरु :**

**निर्णय नं. १ :**

यस विहादी गाउँपालिकामा रहेको एम्बुलेन्स (ग १ झ २९२) विगतका समयदेखि विहादी गाउँपालिका ३ नं. वडा रानीपानी निवासी सुरेश ढकाललाई एम्बुलेन्स चालक पदमा नियुक्त गरि सञ्चालन गर्दै आईएकोमा उक्त एम्बुलेन्सका चालक सुरेश ढकालले मिति २०७९ चैत्र १ गते देखि लागु हुने गरि २०७९।११।३० गते स्वेच्छिक राजिनामा पेश गरेकोले निजले एम्बुलेन्स सञ्चालन बापत उठाएको राजश्व गाउँपालिकाको राजश्व खातामा जम्मा गर्न लगाई निजले पाउनुपर्ने सेवा सुविधा भूक्तानी गर्ने निर्णय गरियो । साथै उक्त एम्बुलेन्स सञ्चालनको लागि देहाय बमोजिमको संचालक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री विष्णु प्रसाद भुसाल (वडा अध्यक्ष) |
| सदस्य | श्री गणेश प्रसाद पराजुली (वडा अध्यक्ष) |
| सदस्य | श्री मन बहादुर बस्याल (वडा अध्यक्ष) |
| सदस्य | श्री यमकला नेपाली (कार्यपालिका सदस्य) |
| सदस्य सचिव | श्री हरि प्रसाद भुसाल (स्वास्थ्य शाखा प्रमुख) |

**निर्णय नं. २ :**

आजको कार्यपालिका बैठकमा पेश हुन आएका देहाय बमोजिमको कार्यविधि स्विकृत गरियो ।

क. विहादी गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम कार्यविधि, २०८०

**निर्णय नं. ३ :**

तपसिल बमोजिमको ठेक्का सम्झौताहरुको म्याद समाप्त भएकाले म्याद समाप्त भएको मितिदेखि लागु हुने गरि अन्तिम पटकको लागि २०८० असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो । साथै २०८० असार मसान्त पछि पुन म्याद थप नगर्ने निर्णय गरियो ।

क. १ नं. वडा कार्यालय भवन निर्माण

**निर्णय नं. ४:**

क. विहादी गाउँपालिकाको ठेक्का नं. OBRM/PAR/W/NCB/03/079/80 (Construction work of Landscape and Beautification work of Bihadi Rural Municipality Office) को काम सञ्चालन भइरहेको र लगत स्टिमेटमा थप पर्खाल लगायतको काम बाँकी रहेकोले उक्त कार्यको लागि VOE बमोजिमको अनुमानित रकम रु ६ लाख सोही ठेक्का शिर्षकमा बाँकी रहेको रकमबाट सम्बन्धित ठेकेदारलाई नै काम गर्न जिम्मा दिई भूक्तानी दिने निर्णय गरियो ।

ख. विहादी गाउँपालिकाको चालु आ.व. २०७९।८० को पहिलो र दोश्रो चैमासिकको सार्वजनिक सुनुवाई २०८० बैशाख ११ गते सरोकारवाला सवैको उपस्थितिमा गर्ने निर्णय गरियो ।

ग। आगामी आ.व. २०८०।८१ को लागि संघीय सरकार तथा गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, राजश्व बाँडफाँड तथा सवारी कर बाँडफाँड बाट प्राप्त हुने बजेट सिलिङ जानकारी गरियो ।

**मिति २०८०।०१।०५ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

चुर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८०।०१।०६

**चूर्ण बहादुर कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**